# निर्वाचन पर्यवेक्षण नीति, २०७४

<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u><br>
२०७४/५/३०

**<u>प्रस्तावना</u> :**
निर्वाचनको क्षेत्रमा अनुभव र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्था तथा व्यक्तिहरूबाट आयोगद्वारा स्थापित मापदण्ड अनुसारको पर्यवेक्षण गराई निर्वाचन प्रणाली र प्रक्रिया अझ चुस्त बनाई निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र विश्वसनियता अभिवृद्धि गर्नको लागि निर्वाचन आयोगले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, २०७४ बनाएको छ।

१. **<u>उद्देश्य</u> :** निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गले सम्पन्न गर्नको लागि कानूनले निर्धारण गरेका प्रक्रिया र मापदण्डहरूको पालना भएको कुरा पर्यवेक्षणको माध्यमबाट समेत परीक्षण गर्ने मुख्य लक्ष्य रहेको छ। यस नीतिका उद्देश्यहरू देहायबमोजिम रहेका छन :-

१.१ निर्वाचन परिणामको स्वीकार्यतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विश्वसनीय बनाउने र गोप्य मतदान बाहेकका निर्वाचनका अन्य प्रक्रियाहरूलाई पारदर्शी बनाउने,

१.२ निर्वाचन प्रक्रियाका मुख्य सरोकारवालाहरूसँग समन्वय र सहभागिता प्रवर्द्धन गर्ने,

१.३ क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा आयोगको छवि प्रवर्द्धन गरी आपसी सम्वन्धलाई विस्तार एवं सवलीकरण गर्ने,

१.४ पर्यवेक्षणमा संलग्न संस्था एवं पर्यवेक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

१.५ पर्यवेक्षण कार्यलाई प्रभावकारी नियमनद्वारा व्यवस्थित र मर्यादित वनाउने।

२. **<u>नीति</u> :** उल्लेखित उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछ :

२.१ संविधान र प्रचलित संघीय कानून बमोजिम निर्वाचनहरूको आवश्यकता अनुसार पर्यवेक्षण गराउने,

२.२ प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका विभिन्न प्रकृयाहरूमा पर्यवेक्षकहरूबाट पर्यवेक्षण गराउने।

३. **<u>रणनीति</u> :** निर्वाचन पर्यवेक्षणको लागि देहायका रणनीतिहरू अवलम्वन गरिनेछ :

३.१ निर्वाचन पर्यवेक्षणमा संलग्न हुने पर्यवेक्षण संस्था तथा पर्यवेक्षकहरू र आयोगको जनशक्तिको क्षमता विकास गरिनेछ।

३.२ निर्वाचनमा भाग लिने राजनीतिक दलहरू, निर्वाचनसम्बन्धी कार्यमा संलग्न संस्था एवं पर्यवेक्षकहरू, विकासका साझेदार संस्थाहरू, नागरिक समाज, आमसञ्चार र अन्य सम्वद्ध पक्षहरूसँग आवश्यकता अनुसार समन्वय गरिनेछ।

३.३ पर्यवेक्षणको प्रभावकारिता अभिवृद्धि गर्न निर्वाचन पर्यवेक्षणलाई समावेशी तथा सहभागितामूलक बनाईने छ।

३.४ पर्यवेक्षणको लागि आवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय श्रोत साधनको उचित व्यवस्थापन गर्न सहकार्य गरिनेछ।

३.५ पर्यवेक्षणको कार्यलाई सात वटै प्रदेशका सबै स्थान तथा क्षेत्रमा सहज र व्यापक बनाईनेछ।

३.६ पर्यवेक्षणमा संलग्न हुने संघ/संस्था तथा व्यक्तिलाई पर्यवेक्षणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कायम रहेका मापदण्ड, आयोगले वनाएको आचार संहिता र आफूले गरेको कामप्रति पूर्ण जवाफदेही तुल्याईनेछ।

३.७ सार्क क्षेत्र लगायत अन्य मित्र राष्ट्रका निर्वाचन व्यवस्थापनसम्वन्धी निकायहरू एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सञ्जालसँग आयोगको सम्वन्धलाई विस्तार एवं सुदृढीकरण गरिनेछ।

३.८ पर्यवेक्षणलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही बनाउनको लागि सम्बिन्धित संघ संस्थाहरूलाई संबन्धन (Accreditation) गरी अनुमतिको व्यवस्था गरिनेछ । यसरी अनुमतिको व्यवस्था गर्दा संस्थाको उद्देश्य सुशासन, लोकतन्त्र, निर्वाचन, मानव अधिकार र शान्ति प्रवर्द्धन हुनु पर्ने कुरालाई मुख्य आधार मानिनेछ ।

३.९ यस नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन आयोगबाट गरिनेछ ।

४. **कार्यनीति** : निर्वाचन पर्यवेक्षणको लागि उल्लिखित नीति अर्न्तगत देहायका कार्यनीतिहरू अवलम्वन गरिनेछ ।

४.१ आयोगका कर्मचारीहरूको क्षमता विकासको आवश्यकता पहिचान गरी उपयुक्त तालिम तथा अध्ययन भ्रमण र पर्यवेक्षणमा संलग्न गराउने ।

४.२ पर्यवेक्षण गर्ने संस्थाहरूलाई निर्वाचनसँग सम्वन्धित नीति, प्रक्रिया र आचार संहिताको बारेमा स्पष्ट गराउन अभिमुखीकरणको व्यवस्था गर्ने ।

४.३ पर्यवेक्षण गर्ने संघ संस्थाले निर्धारित विषयवस्तुमा आधारित भई पर्यवेक्षकहरूलाई अभिमुखिकरण गराउने ।

४.४ पर्यवेक्षण गर्ने संस्थाहरूलाई पर्यवेक्षणसँग सम्वन्धित विषयमा आवश्यक सूचना उपलव्ध गराउने ।

४.५ पर्यवेक्षकहरूको व्यवस्थापन गर्न आयोगमा उपयुक्त संयन्त्रको व्यवस्था गर्ने, उक्त संयन्त्रमा आवश्यकता अनुसार नेपाल सरकारका सम्बद्ध निकाय, नागरिक समाज तथा बिकास साझेदार एवं आम सञ्चार क्षेत्रका प्रतिनिधिहरू समेत सहभागी गराउने ।

४.६ पर्यवेक्षणसम्बन्धी आवश्यक सूचना, परिचय पत्र तथा सम्बन्धन प्रक्रियालाई व्यवस्थित गर्न एकद्वार नीति अवलम्वन गरी निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको स्थापना गर्ने ।

४.७ पर्यवेक्षकलाई आचार संहिता पालना गराउन, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई प्रवेषाज्ञा उपलव्ध गराउन, आगमन सहजीकरण गर्न र पर्यवेक्षकको सुरक्षा प्रवन्ध गर्न सम्वद्ध निकायहरूबीच समन्वय गर्ने ।

४.८ अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि संघ/संस्थाहरूलाई आमन्त्रण गर्दा सकभर सबै <u>महादेशीय</u> प्रतिनिधित्व हुने गरी आमन्त्रण गर्ने ।

४.९ पर्यवेक्षणमा सहभागिताका लागि सम्वद्ध राष्ट्रहरूलाई नेपालमा रहेका विदेशी नियोग तथा विदेश स्थित नेपाली नियोगहरू मार्फत आवश्यकता अनुसार आमन्त्रण गर्ने ।

४.१० पर्यवेक्षणमा सरिक हुने सार्क क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूको सहभागिताका लागि आर्थिक श्रोतको व्यवस्था गरी आमन्त्रण गर्ने ।

४.११ निर्वाचनका दिन मतदान कार्यको अवलोकनका लागि नेपालस्थित संयुक्त राष्ट्र संघ तथा यस अर्न्तगतका अन्तर्राष्ट्रिय संस्था एवं कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई आवश्यकता अनुसार आग्रह गर्ने ।

४.१२ मुलुक भित्रका ख्यातिप्राप्त विज्ञलाई निर्वाचनको दिन मतदान कार्यको अवलोकनका लागि आमन्त्रण गर्ने व्यवस्था गर्ने ।

४.१३ पर्यवेक्षण गर्ने संघ/संस्थाहरूलाई अनुमति दिंदा सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गराउने नीति तथा कार्यक्रमलाई समेत आधार मान्ने ।

४.१४ पर्यवेक्षणको लागि आवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय श्रोत साधनको व्यवस्थापनका लागि आयोगले बिकास साझेदार निकाय समेतसगं आवश्यकता अनुसार सहयोग लिने ।

४.१५ पर्यवेक्षणमा संलग्न हुने संस्थाहरूले संचालन गर्ने पर्यवेक्षण सम्वन्धी अभिमुखीकरण कार्यक्रमलाई प्रभावकारी र परिणाममूलक बनाउन आयोगमा भएका अनुभव प्राप्त श्रोत व्यक्तिलाई समेत संलग्न गराउन सहकार्य गर्ने ।

४.१६ आयोगबाट अनुमति पाएका संस्थाले अन्तराष्ट्रिय संस्थासँग सहकार्य गर्दा आयोगबाट सम्वन्धन प्राप्त संस्थासँग मात्र गर्न सक्ने । सहकार्य गर्दा दुई संस्थाहरूबीच भएको समझदारी पत्र (MoU) को प्रतिलिपि आयोगमा पेश गर्ने,

४.१७ आयोगले लागु गरेको पर्यवेक्षण आचार संहिता सम्वन्धित संस्थाले अनिवार्य रूपमा पालना गर्नु पर्ने ।

४.१८ आयोगले आचारसंहिता तर्जुमा गर्दा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई समेत आधार लिने ।

४.१९ पर्यवेक्षक संस्था वा व्यक्तिहरूबाट आयोगको नीति, नियम र पर्यवेक्षण आचार संहिता उल्लंघन गरेमा त्यस्ता संस्थालाई उपलब्ध गराइएको अनुमति खारेज गरी नकारात्मक सूची तयार गरी अभिलेख राख्ने ।

४.२० निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संजालहरू एवं संयुक्त राष्ट्रसंघ र निर्वाचन व्यवस्थापनको क्षेत्रमा काम गर्ने प्रतिष्ठित संघ/संस्थाहरू सँग निर्वाचन पर्यवेक्षणको अनुभव आदान प्रदान गरी आयोगको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ गरी बिस्तार गर्दै जाने ।

४.२१ सार्क क्षेत्र तथा अन्य मित्र राष्ट्रहरूमा सम्पन्न हुने निर्वाचनमा पर्यवेक्षण गर्न पर्यवेक्षकहरू खटाउने ।

४.२२ विदेशी नागरिकहरूलाई निषेधित क्षेत्र भनी तोकेका स्थानहरूमा पर्यवेक्षणको लागि निषेध गर्ने ।

↔